जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक ४३ २०८३ साल भदौ २२ गते सोमबार (7 Sep 2026 Monday) मूल्य रु. ५/-

**बाल अधिकारको संरक्षण**

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : बहुआयामिक चुनौतीका सामु.. ३ पृष्ठमा : उद्धारमा खटिएका नेपाली सेना, ... ३ पृष्ठमा :अमेरिका-इरान तनाव ...

## आमसञ्चार र मिडिया काउन्सिलद्वारा भावी योजनाहरु बारे सुझाव संकलन



**दैनिक समाचारदाता**
**राजविराज, २१ भदौ ।**

आमसञ्चार प्राधिकरण तथा मिडिया काउन्सिल मधेश प्रदेशको संयुक्त प्रयासमा भावी योजनाहरुबारे सुझाव संकलन थालिएको छ ।

आइतबार सप्तरी सदरमुकाम राजविराजमा सञ्चारकर्मी र सञ्चार गृहका सञ्चालकसँग सुझाव संकलन गरिएको हो ।

प्राधिकरणका अध्यक्ष जितेन्द्र खड्गा र मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष बन्दना झा तथा प्राधिकरणका सदस्य ज्योति झा लगायत सम्मिलित टोलीले भावी योजना बनाउन बनाउन मधेश प्रदेशका ८ वटै जिल्लामा पुगेर सञ्चारकर्मी र सञ्चारगृहका सञ्चालकहरुसंग छलफल र सुझाव संकलन गर्न थालेको जनाइएको छ ।

प्राधिकरणका अध्यक्ष खडाएस्गाले प्रदेश सरकारबाट प्राप्त बजेटबाट चाहे जति गर्न नसकिए पनि उपलब्ध बजेटबाटै प्रदेशका ८ वटै जिल्लाका आवश्यकताका आधारमा विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याईने योजना रहेको बताए ।

उनले अर्थ मन्त्रालयबाट बजेट कटौती हुँदा सबभन्दा बढी लोक कल्याणकारी विज्ञापन वापतको भुक्तानीमा असर पर्ने जानकारी दिँदै उक्त शिर्षकमा कम्तिमा एक करोड २० लाख बजेट छुट्टयाउन प्रस्ताव गरेकोमा ७० लाख मात्र छुट्टयाउँदा समस्या भएको सुनाए । उनले यसतर्फ सबै सञ्चारकर्मीले पनि आ-आफ्नो स्तरबाट पहल गरिनु जरुरी रहेको उल्लेख गरे ।

मिडिया काउन्सिलका कार्यबाहक अध्यक्ष बन्दना झाले प्रदेश सरकारले सञ्चारक्षेत्रलाई बजेटको मामिलामा उपेक्षा गरेको गुनासो पोखिन् । उनले पहिले पनि थोरै बजेट रहेको जिकिर गर्दै यस पटक त झनै पचास प्रतिशत नै कटौती गर्ने कुरा आएकोले निरन्तर मन्त्रालयमा पुगेर थप बजेटका लागि दवाव बनाई रहेको बताइन् ।

मधेश प्रदेशमा सञ्चारक्षेत्रको विकासका लागि सुझाव संकलन गर्न थालिएको कार्यक्रममा सञ्चारकर्मी तथा सञ्चारगृहका सञ्चालकहरुले भोग्नु परिरहेको समस्याबारे जानकारी गराउँदै भावी कार्ययोजनामा प्राथमिकताका साथ समेटिनु पर्ने विषय बारे विभिन्न सुझाव दिएका थिए ।

## एक सय ५१ किलो गाँजा बरामद

**दैनिक समाचारदाता**
**बारा, २१ भदौ ।**

बाराको पचरौता नगरपालिकाबाट प्रहरीले १ सय ५१ किलो गाँजा बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता डीएसपी मीनबहादुर घलेका अनुसार शनिबार राति पचरौता नगरपालिका ७ स्थित बेनौली चोकबाट करिब ३०० मिटर पूर्व धानखेतमा प्रहरी टोलीले एम्बुस थापेर निगरानी गरिरहेको थियो ।

प्रहरी चौकी श्रीनगर बैरियाबाट असई राजेश सिंहको नेतृत्वमा र सशस्त्र प्रहरी बल, नेपाल बीओपी बेनौलीबाट सई श्यामबहादुर खत्रीको नेतृत्वमा खटिएको संयुक्त टोलीले धानखेतको आलीको बाटो हुँदै ८/९ जना अपरिचित व्यक्तिहरू पिठ्युँमा झोलाजस्तो बनाएर केही बोकेर आउँदै गरेको देखेको थियो ।

प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिन लखेटेपछि ती व्यक्तिहरूले पिठ्युँमा बोकेर ल्याएको गाँजाका पोका धानखेतमै फालेर फरार भएका थिए ।

प्रहरीले बरामद गरेका गाँजाका पोका तौल गर्दा जुटको बोरासहित प्रत्येक पोका करिब १६.७७ किलो रहेको र ९ वटा पोकामा कुल १५१ किलो गाँजा फेला परेको डीएसपी घलेले बताएका छन् ।

बरामद गाँजा आवश्यक अनुसन्धान तथा कानुनी कारबाहीका लागि इलाका प्रहरी कार्यालय सिम्रौनगढ, बारामा ल्याइएको छ ।

गाँजा फालेर फरार भएका व्यक्तिहरूको पहिचान तथा खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

## शारीरिक रुपमा अशक्त रहेका व्यक्तिको तथ्याङ्क संकलन अभियान चलाईने



**दैनिक समाचारदाता**
**राजविराज, २१ भदौ ।**

शारीरिक रुपमा अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरुको जिल्लाभर तथ्याङ्क संकलन अभियान सञ्चालन तथा अभिलेखीकरण गरिने भएको छ ।

समावेशी अपाङ संघ सप्तरीले आईतबार विभिन्न योजना सार्वजनिक गर्दै आफ्नो नवौं साधारणसभा तथा तेश्रो जिल्ला अधिवेशनको क्रममा उक्त कुराको जानकारी दिएको हो ।

अधिवेशनले अगामी तीन बर्षे कार्यकालका लागि पुनः सतिशचन्द्र झाकै नेतृत्वमा सर्वसम्मतीले नयाँ कार्य समिति समेत गठन गरेको छ ।

उद्घाट्न समारोहमा अध्यक्ष झाले संस्थाद्वारा गत आ.ब. २०८२/०८३ मा भएको विभिन्न गतिविधिबारे जानकारी गराउँदै भावी दिनमा अपाङ्गता भएका व्यक्तिहरुका हक अधिकार, सम्मान, समानता र समाजिक समावेशीकरणका लागि थप कार्यक्रम अगाडी बढाईने बताए ।

उनले सार्वजनिक गरेको भावी कार्ययोजनामा अपाङ्गता सहायक सामग्री वितरण तथा प्रविधि पहुँचमा अभिवृद्धि गर्ने, समुदायस्तरीय विपद् जोखिम न्यूनिकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, अपाङ्गता समावेशी जलवायु परिवर्तन तथा जलवायु न्याय सम्बन्धी अभिमुखिकरण गर्ने, अपाङ्गता भएका व्यक्तिहरुका अधिकार तथा सेवा सुविधाका लागि पैरवी तथा वकालत लगायतका

***बाँकी अन्तिम पृष्ठमा***

## क्यासिनोमा नेपाली प्रवेश गराई जुवा खेलाउने आठ जना पक्राउ

पर्सा, २१ भदौ (रासस) ।

वीरगञ्ज महानगरपालिका-१४ गण्डकस्थित क्यासिनोमा नेपालीलाई प्रवेश गराई जुवा खेलाउने तथा खेल्ने आठ जनालाई प्रहरीले आइतबार नियन्त्रणमा लिएको छ ।

गोल्डेन फिङ्गर गेमिङ जोन प्रालिमा नेपालीलाई प्रवेश गराई जुवा खेलाइरहेको सूचनाका आधारमा प्रहरीले छापा मारेको थियो ।

प्रहरीले जुवा खेलिरहेको अवस्थामा पर्साको सखुवाप्रसौनी गाउँपालिका-६ का ३६ वर्षीय जसवन्त यादव, सोही ठाउँका ३० वर्षीय चन्दन सहनी र वीरगञ्ज महानगरपालिका-११ का ३९ वर्षीय ओमप्रकाश बैठालाई नियन्त्रणमा लिएको छ ।

त्यस्तै, स्याङ्जाको हरिनास गाउँपालिका-७ का ३६ वर्षीय प्रदीप पौडेललाई पनि नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

नेपालीलाई क्यासिनोमा प्रवेश गराई जुवा खेलाउने कार्यमा संलग्न चार कर्मचारी पनि पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा वीरगञ्ज-१४ का २८ वर्षीय विजयकुमार पटेल, वीरगञ्ज-२५ का ३१ वर्षीय दिनेशकुमार पटेल, महोत्तरी पिपरा गाउँपालिका-५ का ४९ वर्षीय जयदेव साह र वीरगञ्ज-१२ का ५० वर्षीय प्रदेशी साह छन् ।

उनीहरूमाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिनुभयो ।

**नागरिकमैत्रीः सार्वजनिक सेवा**

- सेवाग्राहीप्रति सम्मान, शिष्टता र समान व्यवहार गरौं,
- छिटो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गरौं,
- सेवासम्बन्धी सूचना, प्रक्रिया र शुल्क स्पष्ट रूपमा उपलब्ध गराऔं,
- प्रविधिमैत्री तथा डिजिटल सेवाको प्रभावकारी उपयोग गरौं,
- सेवाग्राहीका गुनासा, सुझाव र प्रतिक्रियालाई सम्बोधन गरौं,
- सुशासन, इमानदारीता, जवाफदेहिता र उत्तरदायित्वलाई आत्मसात् गरौं,
- सार्वजनिक सेवालाई विश्वासयोग्य, पहुँचयोग्य र नागरिककेन्द्रित बनाऔं।

सेवाग्राहीको सन्तुष्टि नै सार्वजनिक सेवाको सफलता हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### भण्डारणको अभावले आर्थिक क्षति

उत्पादित कृषिजन्य वस्तुहरूको संरक्षण र बजार व्यवस्थापनमा गम्भिर चुनौती थपिदै गएको छ । शीत भण्डारणको सुविधा नहुनुले सप्तरीका कृषकहरू ठूलो नोक्सानीमा भोग्नुपरिरहेको छ । यस जिल्ला नेपालको उर्वर तराई भूभागमा अवस्थित, कृषि उत्पादनको लागि निकै सम्भावनायुक्त क्षेत्र हो । धान, तरकारी, फलफूल लगायतका बाली यहाँ प्रशस्त मात्रामा उत्पादन हुन्छन् । तर, उत्पादित बस्तुको भण्डारणको अभावमा यहाँका किसानहरुले आर्थिक क्षति व्यहोर्नु परिरहेको छ ।

जिल्लाका किसानहरूले तरकारी तथा फलफूल उत्पादन गरे पनि उपयुक्त भण्डारण संरचनाको अभावमा ती उत्पादित वस्तुहरू समयमा बेच्न नसक्दा कुहिन्छ । विशेष गरी टमाटर, काक्रो, सिमी, खुर्सानी, तरबुजा, खरबुजाजस्ता बालीहरू मौसम अनुसार अत्यधिक उत्पादन भए तापनि तुरुन्तै बिक्री नभए नष्ट हुन पुग्छन् । ती बस्तुहरुको समयमै उचित मूल्य नपाएर किसानहरू मर्कामा पर्छन् । बिचौलियाको नियन्त्रणमा बजार व्यवस्था रहेकाले उत्पादनको वास्तविक मूल्य कृषकले पाउँदैनन् ।

उत्पादन बढाउँदै मात्र किसानको जीवनस्तर सुधार्न सकिँदैन, त्यसको उचित संरक्षण, बजारीकरण र मूल्य सन्तुलन पनि अनिवार्य छ । तसर्थ भण्डारणको अभावलाई पूर्ती गर्न तीनै तहका सरकार र निजी क्षेत्रबीच सहकार्य आवश्यक छ ।


## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

जनहीतका लागि : राजविराज दैनिक


# बहुआयामिक चुनौतीका सामु कर्तव्यपथमा जुट्दैछ नेपाल प्रहरी



काठमाडौं, २१ भदौ (रासस) । भोटोकोशी बाढीका कारण सिर्जित चुनौतीसँग जुध्न सीमित साधनस्रोतका बावजुद सम्पूर्ण संयन्त्र प्रयोग गरी प्राप्त जिम्मेवारीलाई पुरा गर्न नेपाल प्रहरी निरन्तर लागि परिरहेको छ ।

रसुवास्थित नेपाल-चीन सीमाबाट बाढी प्रवेश गरेलगत्तै सूचना सङ्कलन एवम् विश्लेषण, आवश्यक रणनीति अवलम्बन, उपलब्ध साधनस्रोत, दक्ष जनशक्ति एवम् प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखी तटीय क्षेत्रसम्म प्रहरी अहोरात्र खटिइरहेको छ ।

प्रहरी प्रधान कार्यालयका अनुसार भोटेकोशी विपद्को व्यवस्थापनमा सात हजार ९१२ प्रहरी परिचालन भएका छन् । प्रहरीको पछिल्लो तथ्याङ्कअनुसार बाढी प्रभावित क्षेत्रबाट छ हजार ८५३ जनाको उद्धार गरिएको छ । हालसम्म पाँच हजार १५ जना बेपत्ता छन् ।

**खोज उद्धारमा कुकुर र 'ड्रोन क्यामेरा'**

प्रहरीले बाढीमा परी हराइरहेकाको खोज तथा उद्धारका लागि विशेष टोली नै परिचालित गरेको छ । केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्ले भन्नुहुन्छ, "हेडक्वार्टरमा प्रहरी नायब महानिरीक्षकको नेतृत्वमा 'विपद् उद्धार तथा समन्वय सूचना व्यवस्थापन केन्द्र' गठन गरी चौबिसै घण्टा अनुगमन भइरहेको छ ।"

उक्त केन्द्रमा सम्पर्कविहीन आफन्तको खोज तथा उद्धारका लागि आफन्तका परिवारको फोन आउने गरेको र सोही विवरणअनुसार खोजीका लागि सम्बन्धित प्रहरी युनिटमा जनाकारी गराउँदै आइरहेको उहाँ सुनाउनुहुन्छ ।

हालसम्म एक हजार ३५१ पटक केन्द्रमा आफन्तको खोज र उद्धारका लागि अनुरोध प्राप्त भएको छ ।

प्रभावित क्षेत्रमा केनाइन (तालिम प्राप्त कुकुर) तथा जटिल भौतिक संरचनामा ड्रोनको प्रयोग गरी खोजी जारी छ । ड्रोन क्यामेराको सहयोगमा केही दिनअघि नुवाकोटको विदुर नगरपालिका-१० बेत्रावतीस्थित एउटै घरबाट २४ वटा शव फेला पारिएको थियो ।

यसैगरी, यहाँस्थित विभिन्न देशका दूतावास, कूटनीतिक नियोगका साथै अन्य विदेशी संस्थालाई मृतक तथा बेपत्ता विदेशी नागरिकका बारेमा सूचना आदनप्रदानका लागि प्रहरी प्रधान कार्यालय र त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा 'मिसिङ हेल्प डेस्क' सञ्चालनमा ल्याइएको छ ।

**वैज्ञानिक शव व्यवस्थापन र 'डिएनए प्रोफाइलिङ'**

प्रभावित क्षेत्रमा उद्धार र खोजी अभियानसँगै पहिचान हुन नसकेका शव र मानव अङ्गको व्यवस्थापन 'फोरेन्सिक' विशेषज्ञको सहयोगमा जारी छ । प्रहरी प्रवक्ता काफ्ले सङ्कलित शव बढ्दै गइरहेको र त्यसबाट सङ्क्रमण तथा महामारी फैलिन सक्ने जोखिम देखिएकाले शवको व्यवस्थापनमा वैज्ञानिक विधि अवलम्बन गरिएको बताउनुहुन्छ ।

बाढीपछि हराइरहेका नेपाली तथा विदेशी नागरिकका परिवारले डिएनए परीक्षणमार्फत फेला परेका शव तथा शरीरका अङ्ग यकिन गर्न सक्ने प्रक्रियाका लागि महाराजगञ्जस्थित नेपाल प्रहरी अस्पतालमा 'डिएनए प्रोफाइलिङ'को काम भइरहेको छ ।

**आपराधिक घटनाप्रति कडा निगरानी**

विपद्को मौका छोपी हुनसक्ने आपराधिक घटनाप्रति प्रहरीले कडा निगरानी बढाएको छ । विस्थापितका खाली घरको सुरक्षा तथा विपद्को नाममा हुनसक्ने अपराध र गलत सूचना नियन्त्रणमा समेत प्रहरी निरन्तर लागि परेको छ ।

सुरक्षाकर्मी खोज तथा उद्धारमा व्यस्त रहेको मौका छोपी लुटपाट, चोरी गर्ने जस्ता आपराधिक गतिविधिलाई नियन्त्रण गर्न गस्ती एवं निगरानीलाई बढाइएको प्रहरी नायब महानिरीक्षक काफ्लेले जानकारी दिनुभयो ।

विपद्को समयमा राहत सङ्कलनका नाममा हुन सक्ने ठगी नियन्त्रण गर्न प्रहरी सक्रिय रहेको उहाँको भनाइ छ । "सामाजिक सञ्जालमार्फत प्रवाह भएका गलत सूचना, अफवाह, भ्रामक समाचारलगायत सामग्रीप्रति पनि निगरानी बढाइएको छ" प्रवक्ता काफ्लेले भन्नुभयो, "विपद्को समयमा गलत सूचना फैलाएर नागरिकमा भ्रम सिर्जना गर्ने वा राहत तथा उद्धारमा अवरोध पुऱ्याउनेलाई कानुनी दायरामा ल्याइनेछ ।"

**स्वास्थ्य उपचार, राहत र सचेतना अभिवृद्धि**

बाढी प्रभावित क्षेत्रमा घाइते भएका व्यक्तिको स्वास्थ उपचारमा समेत प्रहरी अग्रसर छ । नेपाल प्रहरी अस्पतालबाट खटिएको विशेषज्ञ चिकित्सक टोली सुरुआती दिनदेखि नै घाइतेको स्वास्थ्य उपचारमा निरन्तर लागि परेका छन् ।

घाइतेलाई सामान्य अवस्थामा ल्याउन र विनाशकारी बाढीको कारण उत्पन्न हुन सक्ने मानसिक तनावलाई न्यूनीकरण गर्न प्रहरी अस्पतालको विशेषज्ञ टोली क्रियाशील रहेका छन् ।

पछिल्लो तथ्याङ्क अनुसार प्रहरीले बाढी प्रभावित क्षेत्रमा कुल ९२ वटा सामुदायिक सचेतना कार्यक्रम सञ्चालन गरेको छ । सचेतना कार्यक्रमहरूमा ४१ हजार २५७ जना सहभागी भएका छन् ।

विपद् प्रभावित रसुवा, नुवोकोट र धादिङका 'होल्डिङ सेन्टर'मा महिला तथा बालबालिकाविरूद्ध दुर्व्यवहार र हिंसालगायत घटना हुन नदिन महिला प्रहरी परिचालित गरिएको छ ।

उनीहरूले महिला तथा बालबालिकासँग सम्बन्धित समस्या एवम् गुनासाहरू सम्बोधन गर्दै आवश्यक मनोपरामर्श पनि प्रदान गर्दै आइरहेको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

**विस्थापितको दैनिकी सहज बनाउने प्रयास जारी**

प्रहरीले स्थानीय तह र अन्य सुरक्षा निकायसँग समन्वय गरी बाढी प्रभावित क्षेत्रका नागरिकको दैनिकीलाई सहज बनाउन सहजीकरण गरिरहेको छ । बाढीले हिल्लाम्मे भएका विद्यालय, स्वास्थ्य चौकी, अस्पताल, विस्थापित नागरिकका घरमा सरसफाइ तथा मर्मतसम्भारमा प्रहरी टोली जुटेको देखिन्छ ।

प्रहरीले बाढीका कारण विभिन्न ठाउँमा अवरोध भएका सडकको समयमै सूचना प्रवाह गर्ने र वैकल्पिक मार्गहरूको सूचना प्रवाह गरी यात्रुलाई सहजीकरण गरिरहेको प्रवक्ता काफ्ले बताउनुहुन्छ ।

**पीडा भुलाउँदै नागरिकको दुःखमा सँगै प्रहरी**

प्रहरी नायब महानिरीक्षक काफ्लेले जस्तोसुकै परिस्थितिमा पनि नागरिकको साथमा रहेर प्रहरी आफ्नो कर्तव्यपथमा अडिग रहेको बताउनुहुन्छ । "आफ्नो दुःख-पीडा भुलाउँदै नागरिकलाई नै सर्वोपरि मानेर उनीहरूको हरेक दुःखमा साथ दिँदै प्रहरी अघि बढिरहेको छ", उहाँ भन्नुहुन्छ ।

यसपटकको बाढीबाट प्रहरी सङ्गठनले पनि भौतिकसँगै मावनीय क्षति व्यहोरेको छ । बाढीको सूचनासँगै नागरिकको जीउधनको सुरक्षामा खटिएका २५ जना नेपाल प्रहरी अहिलेसम्म सम्पर्कविहीन छन् ।

नायब महानिरीक्षक एवं प्रवक्ता काफ्ले बाढी प्रभावित क्षेत्रमा ठूलो मात्रामा थुप्रिएको हिलो, माटो, ढुङ्गा एवम् पुनः बाढीको जोखिमका बीच नागरिकको दैनिक जीवनयापनलाई सहजीकरण गर्न मातहतका जनशक्ति अहोरात्र खटिरहेको स्मरण गर्नुहुन्छ ।

"प्रभावित क्षेत्रमा खोज तथा उद्धार, सम्पर्कविहीनको खोजी, शव व्यवस्थापन, राहत वितरण, आपराधिक गतिविधि नियन्त्रण र विस्थापितको जीउधनको सुरक्षालगायत बहुआयमिक चुनौतीको सामना गर्दै आफ्नो कर्तव्य पूरा गर्न नेपाल प्रहरी अग्रसर छ", उहाँले भन्नुभयो ।

# उद्धारमा खटिएका नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको टोलीलाई सलाम !

**उत्तम सिल्वाल**

काठमाडौँ, २१ भदौ (रासस)।

नेपाली सेनाको नेतृत्वमा जारी खोज तथा उद्धारका क्रममा स्थानीय विद्युत् केन्द्र तथा घरमा फसेका व्यक्तिको जीवितै उद्धार सम्भव भएको छ।

प्रलयकारी विपद्को यस दुःखद् घडीमा अर्थहीन सल्लाह दिने, नकारात्मक टीकाटिप्पणी गर्ने र विशेषगरी सरकारले केही गरेन भन्ने भाष्य निर्माण गर्ने प्रवृत्ति बढिरहको अवस्थामा नेपाली सेनाको नेतृत्वमा सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको संयुक्त प्रयासबाट पछिल्लो दुई दिनमा चार जनाको जीवितै उद्धार गरिएको हो।

नेपाली सेनाको नेतृत्वमा शुक्रबार माथिल्लो त्रिशूली थ्री 'ए' जलविद्युत् केन्द्रको दुई जना कर्मचारी र शनिबार एक चिनियाँ नागरिक तथा सशस्त्र प्रहरी वल तथा नेपाल प्रहरीको प्रयासबाट नुवाकोट विदुरमा एक जना महिलाको जीवितै उद्धार सम्भव भएसँगै सुरक्षाकर्मीको मेहनत र बहादुरीको सर्वत्र प्रशंसा गरिएको छ।

भोटेकोशी हुँदै त्रिशूली नदीमा भदौ १० गते गएको अकल्पनीय एवं विनाशकारी बाढीले जनधनको अपुरणीय क्षति पुर्‍याएको विषय परिस्थितिका बाबजुद अविचलित भई उद्धारमा खटिएका नेपाली सेनाको विशेष टोली र सशस्त्र प्रहरी बल तथा नेपाल प्रहरीले उच्च मनोबलका साथ निर्वाह गरेको उदाहरणीय भूमिकाको स्वदेश तथा विदेशबाट प्रशंसा भइरहेको सामाजिक सञ्जालमा देखिन्छ।

रसुवा बाढीपछि उद्धार टोलीको नेतृत्व गरिरहनुभएका नेपाली सेनाका प्रमुख सेनानी गङ्गा बरालले माथिल्लो त्रिशूली थ्री 'ए' जलविद्युत् केन्द्रको सुरुङमा खटिएको उद्धार टोली करिब ११ घण्टाको निरन्तर प्रयासपछि शुक्रबार बिहान दुई जना प्राविधिक कर्मचारीको जीवितै उद्धार गर्न सफल भएको भनी दिनुभएको जानकारीबाट आशा र विश्वास जगाउन तथा क्षमता झल्काउन सफल भएको थियो।

सेना नेतृत्वको टोलीले सो जलविद्युत् केन्द्रमा कार्यरत प्राविधिक सञ्जय साहको बिहान करिब ९:३५ बजे र कवीरजङ्ग महर्जनको १०:०५ बजे जीवितै उद्धार गरेको थियो। नेपाली सेनाको 'स्पेसल फोर्स' विपद् व्यवस्थापन खोज तथा उद्धार टोली, प्राविधिक इञ्जिनियर, नेपाल विद्युत् प्राधिकरणका प्राविधिक कर्मचारी, जलविद्युत् आयोजनाका विज्ञ तथा भौगर्भिक इन्जिनियरसहितको संयुक्त टोली उद्धारमा खटिएका थिए।

यसैगरी, नेपाली सेना नेतृत्वको टोलीले शनिबार दिउँसो एक चिनियाँ नागरिक र सशस्त्र प्रहरी बलको नेतृत्वमा नुवाकोट विदुरकी चन्द्रिका श्रेष्ठलाई जीवितै उद्धार गरी अर्को चमत्कार रच्न सफल भएको छ। जीवितै उद्धार हुनेक्रम अझै बढोस् र धेरैको घरपरिवारमा खुसी छाओस् भन्ने कामना गरेको पनि त्यत्तिकै देखिन्छ।

हिमपहिरोसँगै ल्हेन्दे खोलामा यही भदौ १० गते गएको बाढी भोटेकोशी नदीमा मिसिएपछि आसपासमा रहेका व्यक्तिका घर तथा कार्यालय भवन, विद्युत् केन्द्र, सडक तथा पुल, जग्गाजमिनलगायत मानवीय तथा भौतिक क्षति भएको थियो। भोटेकोशी हुँदै त्रिशूली नदीमा गएको बाढीले रसुवा र नुवाकोटमा ठूलो जनधनको क्षति पुर्‍याएको तथा धादिङ र चितवनमा सडक तथा पुल बगाएसँगै यस क्षेत्रको जनजीवन अस्तव्यस्त बनेको छ।

त्यस्तै, जलविद्युत् आयोजनासहित अन्यत्र काम गरिरहेका स्वदेश तथा विदेशका कैयौँ व्यक्ति सम्पर्कविहीन भएका अवस्थामा नेपाली सेना नेतृत्वको उद्धार टोली अहोरात्र खटिरहेको छ।

यसैबीच, खोज तथा उद्धारका क्रममा जङ्गी अड्डाबाट प्राप्त हुने निर्देशन, विद्युत् आयोजनाका कर्मचारी एवं विज्ञबाट प्राप्त हुने सुझावलाई आत्मसात् गर्दै उद्धार टोलीमा संलग्न सुरक्षा फौजलाई उत्साहित बनाई लक्ष्यप्राप्तिका लागि अहोरात्र खटिएको टोलीको नेतृत्वकर्ता प्रमुख सेनानी बरालले बताउनुभयो।

उहाँका अनुसार खाना खाएर बिहीबार साँझ ६:०० बजेदेखि त्रिशूली जलविद्युत् आयोजनाभित्र फसेका व्यक्तिको उद्धार कार्य सुरु भई करिब ११ घण्टाको निरन्तर प्रयासपछि दुई जना कर्मचारीलाई जीवितै उद्धार गर्न सफल भएको हो।

प्रमुख सेनानी बरालले भन्नुभयो, "दृढ इच्छाशक्ति र स्वच्छ भावनाका साथ काम गर्ने हो भने जस्तोसुकै विषम परिस्थितिमा पनि कठिनभन्दा कठिन काम गर्न हामी नेपाली सक्षम छौँ। अहिलेको अकल्पनीय रसुवा बाढीमा पनि खटिएर त्यो प्रमाणित गर्न सफल भएका छौँ।"

नेपाली सेनाका प्रवक्ता राजाराम बस्नेतले प्रलयकारी एवं महाविपत्‌को यस दुःखद् घडीमा नेपाल सरकारको निर्देशनमा नेपाली सेनाको नेतृत्वमा सशस्त्र प्रहरी बल र नेपाल प्रहरीकोसमेत सहयोग, सहकार्य र समन्वय खोज तथा उद्धारको काम तीव्र गतिमा भइरहेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "युद्धस्तरमा बाढी प्रभावित क्षेत्रमा खटिएको विशेष उद्धार टोलीले दिनरात नभनी काम गरेर मुलुकको फौजी संरचनासहित नेपाल र नेपालीको प्रतिष्ठा बढाउन सफल भएको छ, यसरी खटिने सुरक्षाकर्मीलाई हौसला प्रदान गर्न हामी सबैको कतर्व्य हो।"

# ६४ करोड बराबरका खानेपानी आयोजनामा क्षति

काठमाडौँ, २१ भदौ (रासस)।

रसुवास्थित भोटेकोशी नदीमा यही भदौ १० गते गएको बाढीबाट रसुवा, नुवाकोट, धादिङ र गोरखाका ५५ वटा खानेपानी आयोजना प्रभावित भएका छन्। बाढीबाट क्षतिग्रस्त आयोजनाको प्रारम्भिक विवरणअनुसार करिब रु ६४ करोड बराबरको क्षति भएको अनुमान गरिएको छ।

खानेपानी तथा ढल व्यवस्थापन विभागका अनुसार बाढीबाट सबैभन्दा बढी प्रभावित नुवाकोटमा २२ वटा खानेपानी आयोजनामा क्षति पुगेको छ। ती आयोजनामामात्रै रु चार करोड ११ लाख ५० हजारबराबरको क्षति भएको विभागले जनाएको छ।

विभागका प्रमुख एवं महानिर्देशक कमलराज श्रेष्ठका अनुसार बाढीका कारण धादिङका २०, गोरखाका पाँच तथा रसुवाका आठवटा आयोजनामा क्षति भएको छ। बाढीबाट पुगेको क्षतिको विस्तृत विवरण सङ्कलन गर्ने कार्य भने अझै जारी रहेको विभागले जनाएको छ।

बाढीका कारण खानेपानी सेवा अवरुद्ध भएका क्षेत्रमा नागरिकलाई तत्काल खानेपानी उपलब्ध गराउन विभागले अल्पकालीन तथा दीर्घकालीन योजना अघि बढाएको छ। प्रभावित क्षेत्रमा वैकल्पिक स्रोतको प्रयोग गर्दै सेवा पुनः सञ्चालन र क्षतिग्रस्त संरचनाको मर्मतलाई प्राथमिकता दिइएको महानिर्देशक श्रेष्ठले बताउनुभयो।

विशेषगरी विदुर खानेपानी आयोजना प्रभावित क्षेत्रमा खानेपानी वितरण सहज बनाउन १०० केभीए क्षमताको डिजेल जेनेरेटर सञ्चालनमा ल्याइएको छ। उक्त जेनेरेटरमार्फत दैनिक करिब पाँच लाख लिटर खानेपानी वितरण गर्ने व्यवस्था मिलाइएको विभागले जनाएको छ।

त्यस्तै, एक एचपी क्षमताका सातवटा पम्प सञ्चालनमा ल्याएर बट्टार क्षेत्रका करिब ५०० घरपरिवारमा खानेपानी सेवा पुनः सञ्चालन गरिएको छ। काठमाडौँ उपत्यका खानेपानी लिमिटेड ( केयुकेएल)सँगको समन्वयमा भदौ १२ गतेदेखि चारवटा ट्याङ्करमार्फत विदुर र बट्टारका विभिन्न बस्तीमा खानेपानी वितरण भइरहेको महानिर्देशक श्रेष्ठको भनाइ छ।

बाढी प्रभावित त्रिशूली बजार, बेलकोटगढी, कोल्पुटार, गल्छी, गजुरी र विदुरका बाँकी क्षेत्रमा खानेपानी सेवा विस्तार गर्न आवश्यक सामग्रीसमेत व्यवस्थापन गरिएको विभागले जनाएको छ। सेवा विस्तारका लागि दुई एचपी र एक एचपी

*बाँकी अन्तिम पृष्ठमा*

# बाढी प्रभावित क्षेत्रमा ड्रोनबाट खाद्यान्न ढुवानी सुरु

रसुवा, २१ भदौ (रासस)।

बाढी प्रभावित रसुवाको गाउँ बस्तीमा ड्रोन उपकरणमार्फत खाद्यान्न ढुवानी सुरु गरिएको छ। ड्रोन ढुवानी सेवाको पहिलो दिन आइतबार स्थानीय हाकुबेँसी क्षेत्रमा खाद्यान्न पुर्याइएको रसुवाका सहायक प्रमुख जिल्ला अधिकारी द्रुवप्रसाद अधिकारीले जानकारी दिनुभयो। उहाँका अनुसार चीन सरकारबाट प्राप्त ड्रोनको पारवहन क्षमता ८० किलो भनिए पनि परीक्षणका क्रममा प्रतिउडान ५३ किलोका दरले ढुवानी गरिएको छ।

आइतबार १२ वटा उडानमार्फत करिब ६६४ किलो खाद्यान्न ढुवानी गरिएको प्रजिअ अधिकारीले जानकारी दिनुभयो। उहाँका अनुसार यसैगरी आइतबार टिमरेको घट्टेखोलामा तीन, हाकु क्षेत्रमा दुई र डाँडा गाउँ क्षेत्रमा एक गरी छ वटा सिम्रिक एयरको हेलिकप्टरमार्फत शव व्यवस्थापनका लागि नुवकोटाको विदुर पठाइएको छ।

यही भदौ १० गतेको भोटेकोशी हुँदै आएको बाढीमा परेर रसुवामा अहिलेसम्म १६९ शव सङ्कलन गरिएको जिल्लाका प्रहरी प्रमुख अशोक थापाले जानकारी दिनुभयो।

# देवीघाटमा प्रदेश सरकारबाट तुइन सञ्चालन

काठमाडौँ, २१ भदौ (रासस)।

बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगरले प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गतको पूर्वाधार विकास कार्यालय, नुवाकोटको सक्रियतामा विदुर नगरपालिका-५ देवीघाटमा तुइन जडान गरी सञ्चालनमा ल्याइएको बताउनुभएको छ। सो क्षेत्रमा यही भदौ १० गतेको रसुवाको भोटेकोशी हुँदैआएको विनाशकारी बाढीले त्रिशूली वारिपारि गर्न समस्या हुँदै आएको छ।

जनताको दैनिक जीवनमा सहजता ल्याउने साना देखिने तर महत्वपूर्ण पूर्वाधार निर्माणलाई प्रदेश सरकारले उच्च प्राथमिकतामा राखेको जनाउँदै उहाँले जनताको आवश्यकता जहाँ छ, प्रदेश सरकारको उपस्थिति त्यहीँ हुनुपर्छ भन्ने प्रतिबद्धतासहित सरकार अघि बढिरहेको उल्लेख गर्नुभयो।

मुख्यमन्त्री थापा मगरका अनुसार तुइन सञ्चालनमा आएसँगै त्रिशूली नदी वारिपारि आवतजावत गर्न तथा स्थानीयस्तरमा खाद्यान्न, औषधिलगायत अत्यावश्यक सामग्रीको ढुवानीमा सहजता हुनेछ। उहाँले जनताको आवश्यकता र सहजताका लागि प्रदेश सरकार निरन्तर काम गरिरहेको जनाउँदै आवश्यकताअनुसार यस्ता पूर्वाधार निर्माण तथा सञ्चालनलाई प्राथमिकतामा राखिने स्पष्ट पार्नुभयो।

## विश्व समाचार

# अमेरिका-इरान तनाव चर्किँदै, पानीजहाजमाथि आक्रमणको दाबी

कायरो, २१ भदौ (रासस/एपी)।

इरानले होर्मुज जलडमरूमा प्रवेश गर्न खोजिरहेको अमेरिकी पानीजहाजमाथि आफूले आक्रमण गरेको दाबी गरेको छ। अमेरिका र इरानबीच पुनः सैन्य तनाव बढिरहेका बेला इरानले यस्तो दाबी गरेको हो। इरानका अनुसार अमेरिकी पानीजहाज होर्मुज जलडमरू प्रवेश गर्न खोजेपछि त्यसलाई लक्षित गरी आक्रमण गरिएको थियो। तर, इरानको उक्त दाबीलाई अमेरिकाले तत्काल पुष्टि गरेको छैन। यो घटना अमेरिकी सेनाले इरानी तेल ट्यांकर तीनवटामाथि आक्रमण गरेको जनाएको एक दिनपछि भएको हो। अमेरिकी सेनाका अनुसार आफ्ना नौसैनिक युद्धपोतलाई लक्षित गरी गरिएको मिसाइल आक्रमणको जवाफमा ती तेल ट्यांकरमाथि कारबाही गरिएको थियो।

**फेरि चर्कियो अमेरिका-इरान तनाव**

अमेरिका र इरानबीचको पछिल्लो युद्ध फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमणपछि सुरु भएको थियो। जुन महिनामा युद्धविराम घोषणा भए पनि दुवै पक्षबीच पूर्ण रूपमा शान्ति कायम हुन सकेन। त्यसयता छिटपुट सैन्य गतिविधि जारी रहँदै आएको थियो। करिब एक महिनाको तुलनात्मक शान्तिपछि गत साता अमेरिका र इरानबीच पुनः आक्रमण सुरु भएको हो। पछिल्लो तनावमा होर्मुज जलडमरू र त्यस आसपासका इरानी क्षेत्रसमेत प्रभावित भएका छन्। यसै क्रममा दक्षिणी इरानमा अमेरिकी बमबारी हुँदा साताको सुरुवातमा कम्तीमा पाँच जनाको मृत्यु भएको एपीले जनाएको छ।

**सैन्यसँगै आर्थिक दबाब बढाउँदै अमेरिका**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले इरानमाथि सैन्य कारबाहीसँगै आर्थिक दबाब पनि बढाइरहेको देखिएको छ। होर्मुज जलडमरूमा हुने आक्रमणको जवाफमा अमेरिकाले सैन्य कदम चालिरहेको छ भने इरानसँग सम्बन्धित आर्थिक कारोबार गर्ने विदेशी वित्तीय संस्थामाथि प्रतिबन्ध लगाउने नीति पनि अघि बढाएको छ। अर्कोतर्फ, इरानका नयाँ वरिष्ठ नेताहरूले अमेरिकी दबाबसामु नझुक्ने संकेत दिएका छन्। लामो समयदेखि अमेरिकी प्रतिबन्धको सामना गर्दै आएको इरानले विभिन्न माध्यमबाट प्रतिबन्ध छल्दै आफ्नो तेल अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्दै आएको छ।

**तेल निर्यातमा 'स्याडो फ्लीट' को प्रयोग**

प्रतिबन्धका बाबजुद तेल निर्यात जारी राख्न इरानले 'स्याडो फ्लीट' अर्थात् प्रतिबन्ध छल्दै तेल ढुवानी गर्ने जहाजहरूको नेटवर्कमा समेत निर्भर हुँदै आएको छ। अमेरिकी प्रतिबन्ध र दबाबका कारण इरानको अर्थतन्त्रमा चुनौती बढे पनि तेल बिक्रीबाट आम्दानी कायम राख्ने प्रयास तेहरानले जारी राखेको छ। विश्वको प्रमुख ऊर्जा तथा व्यापारिक मार्गमध्ये एक रहेको होर्मुज जलडमरूमा बढ्दो सैन्य तनावले विश्वव्यापी तेल आपूर्ति र ऊर्जा बजारमा समेत असर पार्न सक्ने चिन्ता बढेको छ।

**आणविक कार्यक्रम पनि विवादको मुख्य विषय**

अमेरिका र इरानबीचको तनावको प्रमुख कारणमध्ये इरानको आणविक कार्यक्रम पनि हो। यही विषयलाई लिएर दुई देशबीच लामो समयदेखि विवाद रहँदै आएको छ। जुन महिनाको मध्यतिर अमेरिका र इरानले एउटा समझदारीपत्रमा हस्ताक्षर गर्दै आणविक कार्यक्रमसम्बन्धी विषयमा वार्तामार्फत समाधान खोज्ने प्रयास गरेका थिए। तर, उक्त वार्ता चाँडै नै भंग भएको एपीले जनाएको छ। पछिल्लो समय होर्मुज जलडमरूमा बढेको सैन्य गतिविधि, इरानमाथिको आर्थिक दबाब र तेल आपूर्तिमा देखिएको जोखिमले अमेरिका-इरान तनावलाई थप जटिल बनाएको छ।

# विश्वव्यापी चुनौतीबीच दक्षिण कोरियाको निर्यातमा उल्लेखनीय वृद्धि

सियोल, २१ भदौ (रासस/सिन्ह्वा)।

दक्षिण कोरियाको निर्यातले यस वर्ष तीव्र वृद्धि कायम राख्दै नयाँ कीर्तिमान बनाएको छ। शनिबारसम्म देशको कुल निर्यात ७०९.४ अर्ब अमेरिकी डलर पुगेको छ, जुन गत वर्ष कायम भएको ७०९.३ अर्ब अमेरिकी डलरको वार्षिक निर्यात रेकर्डभन्दा पनि बढी हो। दक्षिण कोरियाको व्यापार, उद्योग तथा स्रोत मन्त्रालय र कोरिया भन्सार सेवाले सार्वजनिक गरेको तथ्यांकअनुसार, यस वर्षको वार्षिक निर्यात अझै तीन महिना बाँकी रहँदै गत वर्षको सम्पूर्ण निर्यातलाई उछिनिसकेको हो।

निर्यातमा देखिएको निरन्तर वृद्धि र बलियो अन्तर्राष्ट्रिय मागका कारण दक्षिण कोरिया यस वर्ष १ ट्रिलियन अमेरिकी डलरको वार्षिक निर्यात हासिल गर्ने दिशामा अघि बढेको छ। कोरिया भन्सार सेवाका प्रमुखले तयार पारेको प्रतिवेदनलाई उद्धृत गर्दै दक्षिण कोरियाका राष्ट्रपतिले शनिबार सामाजिक सञ्जालमार्फत निर्यातको वर्तमान गति कायम रहेमा देशले डिसेम्बरको सुरुआती चरणमै १ ट्रिलियन डलरको निर्यात आँकडा पार गर्न सक्ने बताएका छन्। विश्व अर्थतन्त्रमा देखिएको अनिश्चितता, अन्तर्राष्ट्रिय व्यापारमा रहेका चुनौती तथा मध्यपूर्वमा जारी द्वन्द्व र तनाव जस्ता प्रतिकूल बाह्य परिस्थितिका बाबजुद दक्षिण कोरियाको निर्यातमा भने उल्लेखनीय वृद्धि भइरहेको छ।

यस निर्यात वृद्धिको प्रमुख आधारमध्ये सेमिकन्डक्टर अर्थात् अर्धचालक (चिप) उद्योग रहेको छ। विश्व बजारमा दक्षिण कोरियाली चिप तथा इलेक्ट्रोनिक उत्पादनको माग बलियो रहँदा देशको समग्र निर्यातलाई त्यसले महत्वपूर्ण रूपमा टेवा दिएको छ। दक्षिण कोरियाले यस वर्ष १ ट्रिलियन अमेरिकी डलरको वार्षिक निर्यात हासिल गर्न सकेमा यो देशको व्यापारिक इतिहासमा महत्वपूर्ण उपलब्धि हुनेछ। गत वर्ष नै ७०९.३ अर्ब डलरको रेकर्ड कायम गरेको दक्षिण कोरियाले यस वर्ष त्यसलाई उल्लेखनीय रूपमा उछिन्दै नयाँ उचाइ हासिल गर्ने संकेत देखाएको छ। निर्यातको वर्तमान गति आगामी महिनाहरूमा समेत कायम रहेमा दक्षिण कोरियाको अर्थतन्त्रलाई थप बलियो बनाउन तथा विश्व व्यापारमा उसको स्थान अझ सुदृढ गर्न यस उपलब्धिले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

# रसुवामा तीन हजार सम्पर्कविहीन

रसुवा, २१ भदौ (रासस)।

नेपाल-चीन सीमा क्षेत्रबाट भोटेकोशी नदीमा गएको भीषण बाढीका कारण रसुवामा ठूलो जनधनको क्षति भएको छ। ल्हेन्दे खोला हुँदै गएको बाढीका कारण हालसम्म जिल्लामा एक हजार ३१३ जनाको जीवितै उद्धार गरिएको छ भने तीन हजार ७१ जना अझै सम्पर्कविहीन छन्।

सहायक प्रमुख जिल्ला अधिकारी एवं सूचना अधिकारी द्रुवप्रसाद अधिकारीका अनुसार बाढी र पहिरोको चपेटामा परेका एक हजार २२७ नेपाली र ८६ विदेशी पर्यटकको सुरक्षाकर्मी तथा स्थानीयको सक्रियतामा सफल उद्धार गरिएको छ।

बाढीका कारण अलपत्र परेका तथा गोसाइँकुण्ड क्षेत्रमा रोकिएका १४५ तीर्थयात्री तथा स्थानीयलाई हेलिकप्टरमार्फत नुवाकोट र काठमाडौँतर्फ सुरक्षित स्थानान्तरण गरिएको छ। दुर्गम र सडक सञ्जाल विच्छेद भएका क्षेत्रमा राहत र उद्धारका लागि हेलिकप्टर प्रयोग गरिएको छ।

विपद्पछि जिल्लामा सम्पर्कविहीन हुनेहरूको सङ्ख्या ठूलो छ। श्रीनाथ गण, ब्राबल ब्यारेकअन्तर्गतका २७ नेपाली सेना, २८ नेपाल प्रहरी, १३ सशस्त्र प्रहरी, ७९ सरकारी कर्मचारी र २६ जना बैंक तथा वित्तीय संस्थाका कर्मचारी अझै सम्पर्क बाहिर छन्। यस्तै, रसुवाका एक हजार ३७०, अन्य जिल्लाका एक हजार २६२ र २६६ विदेशी पर्यटक सम्पर्कविहीन रहेका सहायक प्रजिअ अधिकारीले बताउनुभयो।

विपद्का क्रममा फेलापरेका शवमध्ये छ जनाको सनाखत भई आफन्तलाई बुझाइसकिएको छ। उत्तरगया-५ का जनक आचार्य, गङ्गादेवी श्रेष्ठ, पुदुली तामाङ, आशवीर तामाङ र आशिष बानियाँ तथा गोसाइँकुण्ड-६ की छिरिङ ग्याल्मो तामाङको शव सनाखत भएको हो। अन्य विभिन्न स्थानमा फेलापरेका १६३ शवमध्ये पाँच जनाको सनाखत भइसकेको र बाँकीको सनाखत प्रक्रिया तथा डिएनए परीक्षणका लागि मुचुल्का उठाउने कार्य भइरहेको सहायक प्रजिअ अधिकारीले बताउनुभयोबढस।

बाढीपहिरोले रसुवाको भौतिक संरचनामा ठूलो क्षति पुर्‍याएको छ। प्रारम्भिक विवरणअनुसार एक हजार ५०० निजी घर पूर्ण वा आंशिक रूपमा क्षतिग्रस्त भएका छन्। यस्तै २८ सरकारी तथा सार्वजनिक निकाय, आठवटा सामुदायिक विद्यालय, तीन निजी विद्यालय र १४ बैंकका भवनमा क्षति पुगेको छ।

त्यसैगरी, जिल्लाको मेरुदण्ड मानिने ४१ किलोमिटर राजमार्ग तथा सडकखण्ड ठप्प भएको छ। छवटा पक्की मोटरेबल पुल, आठवटा ट्रस तथा बेलीब्रिज, एक आर्च पुल र १० वटा झोलुङ्गे पुल बाढीले बगाएको वा क्षति पुर्‍याएको छ। जिल्लाका आठवटा जलविद्युत् आयोजनामासमेत अत्यधिक क्षति गरेको छ।

थातथलोबाट विस्थापित भएका सात हजार ३३ नागरिकलाई जिल्लाका विभिन्न १२ सुरक्षित आश्रयस्थलमा राखिएको छ। धुन्चेस्थित सिटी सेन्टर, कोमिन श्यामे वाङफेल मावि, गणेश आधारभूत विद्यालयलगायत स्थानमा आश्रित नागरिकलाई गाँसबासको व्यवस्था मिलाइएको छ। प्रभावित क्षेत्रमा हालसम्म १३६ पटक राहत सामग्री वितरण गरिसकिएको छ।

विपद्का बीच पनि जिल्लाको ८३ प्रतिशत जनसङ्ख्यामा विद्युत सेवा पुनः सञ्चालन गरिएको छ भने नेपाल टेलिकमको सञ्चार सेवा सम्पूर्ण क्षेत्रमा सञ्चालनमा ल्याइएकाले उद्धार र समन्वय कार्यमा सहज भएको छ।

# रसुवामा ४१ किलोमिटर सडक र आठ जलविद्युत् आयोजनामा पूर्ण क्षति

रसुवा, २१ भदौ (रासस)।

भोटेकोशी बाढीले जिल्लाका निजी तथा सार्वजनिक सम्पत्तिमा ठूलो क्षति पुर्‍याएको छ। जिल्ला प्रशासन कार्यालयले यही १० गतेको बाढीले पुर्‍याएको क्षतिसम्बन्धी प्रारम्भिक विवरण सार्वजनिक गरेको छ।

सहायक प्रमुख जिल्ला अधिकारी द्रुवप्रसाद अधिकारीका अनुसार बाढीबाट २८ वटा सरकारी र सार्वजनिक भवन, आठ सामुदायिक र तीन निजी विद्यालय, १४ वटा बैंक तथा वित्तीय संस्था, एउटा पेट्रोल पम्प र एक हजार ५०० वटा निजी घरमा क्षति पुगेको छ।

बाढीले जिल्लामा ४१ किलोमिटर सडक, छ वटा पक्की पुल, आठ वटा 'बेलिब्रिज' र १० वटा झोलुङ्गे पुल बगाएको छ। बाढीबाट भोटेकोशी र त्रिशूली नदी तथा लाइटाङ खोलामा निर्माण भएका आठ वटा जलविद्युत् आयोजनामा पूर्ण रुपमा क्षति पुगेको छ।

बाढीले १११ मेगावाटको रसुवागाढी, १२० मेगावाटको भोटेकोशी, २० मेगावाटको चिलिमे, २० मेगावाटको लाइटाङ खोला, २१६ मेगावाटको माथिल्लो त्रिशूली-१, पाँच मेगावाटको मैलुङ खोला, ६० मेगावाटको माथिल्लो त्रिशूली ३ 'ए' र ३७ दशमलव तीन मेगावाटको त्रिशूली ३ 'बी'मा क्षति पुर्‍याएको छ।

**खोज तथा उद्धार जारी**

बाढीका कारण विभिन्न जलविद्युत् आयोजनाको सुरुङमा फसेकाको खोज तथा उद्धार जारी छ। नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीबाट उद्धार कार्य भइरहेको छ। थप मद्दतका लागि दक्षिण कोरिया, भारत र चीनका विज्ञसमेत प्रभावित क्षेत्रमा खटिइएको जिल्ला विपद् व्यवस्थापन समितिले जनाएको छ।

हालसम्म बाढीमा परी एक हजार ३६५ रसुवाली नागरिक, एक हजार १६० अन्य जिल्लाका नागरिक, २६४ पर्यटक सम्पर्कविहीन भएका छन्। यसैगरी बैंक तथा वित्तीय संस्थाका २६ जना कर्मचारी, ७९ जना सरकारी कर्मचारी, १३ सशस्त्र प्रहरी, २८ जना नेपाल प्रहरी, २७ नेपाली सेना हराएको सहायक प्रजिअ अधिकारीले जानकारी दिनुभयो।

उहाँका अनुसार प्रभावित क्षेत्रका बासिन्दालाई खाद्यन्न आपूर्ति सहज गर्न हेलिकप्टरमार्फत राहत वितरण भइरहेको छ।

# चितवनमा फेला परेका ३६२ शवमध्ये ३३३ को व्यवस्थापन, ६८ जना आफन्तको 'डिएनए' नमूना सङ्कलन

चितवन, २१ भदौ (रासस)।

रसुवाको भोटेकोशीमा आएको बाढीपछि त्रिशूली र नारायणी नदी किनारबाट चितवनमा फेला परेका शवहरूको व्यवस्थापन, 'डिएनए' नमूना सङ्कलन र पहिचान गर्ने काम भइरहेको छ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक चन्द्रभूषण यादवका अनुसार हालसम्म चितवनमा ३६२ शव फेला परेका छन्। तीमध्ये ३३३ शवको व्यवस्थापन गरिसकिएको छ भने १४ वटा शवको सनाखत भएपछि आफन्तको जिम्मा लगाइएको छ।

शवहरूको वैज्ञानिक पहिचानका लागि यही भदौ १६ गतेदेखि डिएनए नमूना सङ्कलन सुरु गरिएको थियो। यादवका अनुसार भदौ २० गतेसम्म हराइरहेका व्यक्तिका आफन्त ६८ जनाको डिएनए नमूना सङ्कलन गरिएको छ।

उहाँका अनुसार भदौ १६ गते सात जना पुरुषको नमूना सङ्कलन गरिएको थियो। भदौ १७ गते २६ जनाको नमूना सङ्कलन गरिएकोमा दुई महिला, २२ पुरुष र दुई पुरुष भारतीय नागरिक रहेका छन्। भदौ १८ गते २२ जनाको नमूना सङ्कलन गरिएकामा चार महिला, १४ पुरुष, एक बालक र तीन भारतीय पुरुष नागरिक छन्।

यस्तै, भदौ १९ गते सात जनाको नमूना सङ्कलन गरिएकामा एक महिला, चार पुरुष, एक बालक र एक भारतीय पुरुष नागरिक रहेका छन्। भदौ २० गते छ जनाको नमूना सङ्कलन गरिएकामा दुई महिला, एक पुरुष र तीन बालक रहेका छन्।

प्रहरी नायब उपरीक्षक यादवका अनुसार हाल पनि खोजी, शवहरूको पहिचानका लागि आफन्तको डिएनए परीक्षण, हराइरहेका व्यक्तिको विवरण सङ्कलन र अन्य समन्वयात्मक प्रक्रिया निरन्तर छ।

# ट्रमा सेन्टरमा उपचाररत ३८ घाइते डिस्चार्ज, १२ जनाको उपचार जारी

काठमाडौँ, २१ भदौ (रासस)।

रसुवास्थित भोटेकोशी नदीमा यही भदौ १० गते आएको बाढीमा परी घाइते भएका ५८ जनालाई उद्धार गरी काठमाडौँ ल्याइएकामा राष्ट्रिय ट्रमा सेन्टरबाट आइतबारसम्म ३८ जना उपचारपछि 'डिस्चार्ज' भएका छन्।

जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक दानबहादुर थापाका अनुसार बाढीमा परी घाइते भएका ५० जनालाई उपचारका लागि राष्ट्रिय ट्रमा सेन्टर ल्याइएको थियो। उपचारका क्रममा स्वास्थ्य अवस्थामा सुधार आएपछि हालसम्म ३८ जनालाई डिस्चार्ज गरिएको हो।

राष्ट्रिय ट्रमा सेन्टरमा अहिले १२ घाइतेको उपचार भइरहेको छ। अस्पताल प्रशासनका अनुसार उपचाररत अधिकांश घाइतेको स्वास्थ्य अवस्था सामान्य रहेको छ भने उनीहरूको साधारण शयचाम राखेर उपचार भइरहेको छ।

भोटेकोशी बाढीमा परी घाइते भएका तथा सम्पर्कविहीन व्यक्तिका आफन्तलाई आवश्यक सूचना उपलब्ध गराउन नेपाल प्रहरीले वीर अस्पताल र राष्ट्रिय ट्रमा सेन्टरमा नागरिक सहायता कक्ष स्थापना गरेको छ।

सहायता कक्षमार्फत घाइतेको स्वास्थ्य अवस्थाबारे जानकारी लिन तथा सम्पर्कविहीन आफन्तको विवरण टिपाउन आउनेको क्रम जारी रहेको प्रहरीले जनाएको छ। अस्पताल पुगेका आफन्तले आफ्ना परिवारका सदस्यको स्वास्थ्य अवस्था तथा उपचारबारे जानकारी लिइरहेका छन्।

भोटेकोशी बाढीबाट ठूलो जनधनको क्षति भएपछि प्रभावित क्षेत्रमा खोज तथा उद्धार कार्य अझै जारी रहेको छ। उद्धार गरिएका घाइतेको उपचारसँगै पीडित तथा बेपत्ता व्यक्तिका आफन्तसँग समन्वय र आवश्यक सहयोगका लागि सम्बन्धित निकायले पहल गरिरहेको प्रहरीले जनाएको छ।

बाढीपछि उद्धार तथा राहत कार्यलाई तीव्रता दिइएको छ भने सम्पर्कविहीन व्यक्तिको खोजी, घाइतेको उपचार तथा प्रभावित परिवारलाई आवश्यक सहयोग उपलब्ध गराउने कार्यलाई प्राथमिकतामा राखिएको छ।

### *शारीरिक रुपमा ...*

विषय समेटिएको छ।

कार्यक्रममा संघका सचिव अशोक कुमार यादवले प्रगति तथा कोषाध्यक्ष संगिता खडकाले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए।

संस्थाका कर्मचारी नवीन कुमार ढकालले कार्यक्रम सञ्चालन गरेका थिए। संघका अध्यक्ष झाको अध्यक्षता तथा वडाध्यक्ष अनिल दासको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा राष्ट्रिय अपाङ्गका केन्द्रिय सदस्य जगदीश अर्याल, प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झा, पत्रकार महासंघका केन्द्रिय परिषद् सदस्य मनोज कुमार माझी, राजविराज नगरपालिकाका महिला विकास अधिकृत अनिता चौधरी, सबल नेपालका कार्यक्रम संयोजक मनिष महर्जन, बौद्धिक अपाङ्गता संघका अध्यक्ष शम्भु चौरसिया, जिल्ला सदस्य राधा अर्याल लगायतले शुभकामना दिएका थिए।

नयाँ कार्य समितिमा हाल ८ जना सदस्य मात्र राखिएको निर्वाचन समितिका संयोजक जगदीश प्रसाद अर्यालले जानकारी दिए। नवनिर्वाचित कार्य समितिको पहिलो बैठकबाट पद विभाजन गरिने संघका समावेशी अधिकृत ज्ञानेन्द्र कुमार झाले जानकारी दिए। २०७२ सालमा स्थापना भएको उक्त संस्थाले अधिवेशनमा संघको विधान र मस्यौदा परिमार्जन समेत गरेको संघले जनाएको छ।

### *६४ करोड बराबरका ...*

क्षमताका गरी कुल १४ वटा पम्प, एक हजार लिटर क्षमताको हिलटेक ट्याङ्की तथा करिब ४१.१ किलोमिटर एचडीपीइ पाइप तयारी अवस्थामा राखिएको छ।

विभागका अनुसार उक्त सामग्री प्रभावित क्षेत्रमा ढुवानी तथा जडान गरी खानेपानी सेवा विस्तार गर्ने तयारी भइरहेको छ। बाढीबाट क्षतिग्रस्त संरचनाको मर्मत तथा पुनःस्थापना र प्रभावित बस्तीमा नियमित खानेपानी आपूर्ति सुनिश्चित गर्न प्राविधिक टोली निरन्तर परिचालन गरिएको छ।

बाढीपछि खानेपानीको अभाव हुन नदिन तत्कालीन राहतसँगै दीर्घकालीन पुनःस्थापनाको कामलाई समेत अघि बढाइएको विभागले जनाएको छ। क्षतिको पूर्ण विवरण प्राप्त भएपछि आवश्यकताका आधारमा थप पुनर्निर्माण तथा पुनःस्थापनाका कार्यक्रम सञ्चालन गरिने बताइएको छ।

# एक हजार ३४१ शव फेला, चार हजार ४४ जना अझै बेपत्ता

काठमाडौँ, २१ भदौ (रासस)।

रसुवास्थित भोटेकोशी नदीमा भदौ १० गते गएको विनाशकारी बाढीमा परी मृत्यु भएकामध्ये हालसम्म एक हजार ३४१ जनाको शव फेला परेको छ भने चार हजार ४४ जना अझै सम्पर्कविहीन छन्।

प्रहरी प्रधान कार्यालय नक्सालले आइतबार बिहान सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार फेला परेकामध्ये ३२५ महिला, ५२३ पुरुष तथा ४९३ वटा शव चिन्न नसकिने अवस्थाका फेला परेका नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले जानकारी दिनुभयो। उहाँका अनुसार अझै चार हजार ४४ जना सम्पर्कविहीन छन्।

सम्पर्कविहीनमध्ये स्वदेशी पुरुष दुई हजार ८६३, महिला ५७५ तथा विदेशी नागरिकतर्फ पुरुष २६९ र महिला ३३२ र अन्य पाँच जना रहेका प्रवक्ता काफ्लेले जानकारी दिनुभयो।

बाढी प्रभावित क्षेत्रमा बेपत्ताको खोजी तथा उद्धार कार्यलाई सुरक्षा निकायले निरन्तरता दिइरहेको प्रहरीले जनाएको छ।

फेला परेकामध्ये एक हजार ३७ शव सुरक्षित रूपमा जमिनमा गाडेर व्यवस्थापन गरिएको छ भने बाँकी शवको पहिचान तथा व्यवस्थापन प्रक्रिया अघि बढाइएको छ।

बाढीपछि हालसम्म नौ हजार १५१ जना घाइतेको उद्धार गरिएको छ। उद्धार गरिएकामध्ये तीन हजार ९८ जनालाई सुरक्षित रूपमा होल्डिङ सेन्टरमा राखिएको प्रहरीले जनाएको छ।

यसैगरी, मृतक एक हजार २८६ जना तथा मृतकका आफन्त एक हजार १८६ जना गरी दुई हजार ४७२ जनाको 'डिएनए' नमूना सङ्कलन गरिएको छ।

बेपत्ताको पहिचान तथा शवको सनाखतका लागि 'डिएनए' नमूना सङ्कलनलाई प्राथमिकताका साथ अघि बढाइएको प्रवक्ता काफ्लेले बताउनुभयो।

भोटेकोशी बाढीपछि ठूलो मानवीय क्षति भएको छ। बाढीमा परी बेपत्ता भएकाको खोजी, उद्धार तथा शव व्यवस्थापनका लागि नेपाल प्रहरीसहित सुरक्षा निकाय र सम्बन्धित विभिन्न सरकारी निकाय निरन्तर परिचालित भइरहेका छन्।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*